# प्रदेश राजपत्र

कोशी प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ८) विराटनगर, नेपाल, पुष १८ गते, २०८१ साल (अतिरिक्ताङ्क ३८

## भाग २

### प्रदेश सरकार

### कोशी प्रदेश

### विराटनगर, नेपाल

### उद्योग, कृषि तथा सहकारी मन्त्रालयको सूचना

## कोशी प्रदेश कृषि कर्जामा ब्याज अनुदान ब्यवस्थापन कार्यविधि, २०८१

<u>प्रस्तावनाः</u> कृषि क्षेत्रमा व्यावसायिक रुपमा उत्पादन, प्रशोधन, भण्डारण, बजारीकरण तथा कृषि उपजको मूल्य अभिवृद्धिका लागि बैंक, वित्तीय संस्था र सहकारी संस्थामार्फत कृषि कर्जा परिचालन गरी प्रदेश सरकारले कृषि कर्जामा

ब्याज अनुदान उपलब्ध गराई कृषि व्यवसाय प्रवर्द्धन गर्न बाञ्छनिय देखिएकोले प्रदेश कृषि ब्यवसाय प्रवर्द्धन अनुदान ऐन, २०७७ को दफा ५ को खण्ड (घ) बमोजिमको अधिकार प्रयोग गरी प्रदेश सरकारले यो कार्यविधि जारी गरेको छ।

## परिच्छेद १
## प्रारम्भीक

१. <u>संक्षिप्त नाम र प्रारम्भः</u> (१) यस कार्यविधिको नाम "कृषि कर्जामा ब्याज अनुदान ब्यवस्थापन कार्यविधि, २०८१" रहेको छ।

(२) यो कार्यविधि प्रदेश राजपत्रमा सूचना प्रकाशन भएको मिति देखि प्रारम्भ हुनेछ।

२. <u>परिभाषाः</u> विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "उत्पादन" भन्नाले कृषि उपज र उत्पादन गर्दा आवश्यक पर्ने उत्पादन सामाग्रीका अतिरिक्त उत्पादन सम्बद्ध पुर्वाधार र यन्त्र उपकरण समेत सम्झनु पर्छ।

(ख) "उद्यमी" भन्नाले आर्थिक रुपले सक्रिय प्राकृतिक व्यक्ति वा त्यस्ता व्यक्तिबाट सञ्चालित प्रचलित नियम अनुसार दर्ता भएका फर्म, कम्पनी सम्झनु पर्छ।

(ग) "ऐन" भन्नाले प्रदेश कृषि ब्यवसाय प्रवर्द्धन अनुदान ऐन, २०७७ सम्झनु पर्छ।

(घ) "ऋणी" भन्नाले बैंक, वित्तीय संस्था र सहकारी संस्थाबाट कृषि प्रयोजनको लागि ऋण प्राप्त गर्ने ऋणीलाई सम्झनु पर्छ।

(ङ) "कृषि उपज" भन्नाले खाद्यान्न, नगदेवाली, तरकारी, फलफूल, मसलावाली, चिया, कफी सुपारी, च्याउ, मह, पुष्प, पशुपन्छीजन्य र मत्स्यजन्य पदार्थलाई सम्झनु पर्छ।

(च) "कृषि कर्जा" भन्नाले नेपाल राष्ट्र बैकबाट ईजाजत प्राप्त बैक तथा वित्तीय संस्थाले कृषि क्षेत्रमा प्रवाह गर्ने कर्जा सम्झनु पर्छ।

(छ) "नियमावली" भन्नाले प्रदेश कृषि ब्यवसाय प्रवर्द्धन अनुदान नियमावली, २०७८ सम्झनु पर्छ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

(ज) "निर्देशनालय" भन्नाले मन्त्रालय अन्तर्गत रहेका कृषि विकास निर्देशनालय र पशुपन्क्षी तथा मत्स्य विकास निर्देशनालय सम्झनु पर्छ।

(झ) "प्रशोधन" भन्नाले कृषि उपज प्रशोधन सम्बद्ध पुर्वाधार र यन्त्र उपकरण समेत सम्झनु पर्छ।

(ञ) "बैंक" भन्नाले नेपाल राष्ट्र बैंकबाट ईजाजत प्राप्त बाणिज्य बैंक सम्झनु पर्छ।

(ट) "बजार प्रवर्द्धन" भन्नाले कृषि उपजको ब्रान्डिङ्ग, प्याकेजिङ्ग र ठुला बजारमा विक्री केन्द्र स्थापना लगायतको कार्य सम्झनु पर्छ।

(ठ) "ब्याजदर" भन्नाले बैंक, वित्तीय संस्था र सहकारी संस्थाले लगानी गरेको ऋणीबाट लिने ब्याजदर सम्झनु पर्छ।

(ड) "भण्डारण" भन्नाले कृषि उपजको भण्डारण गर्ने कार्य सम्झनु पर्छ र सो शब्दले प्रदेशमा प्राथमिक कृषि उपज खरिद गरी भण्डारण गर्ने कार्यलाई समेत जनाउँछ।

(ढ) "मन्त्रालय" भन्नाले प्रदेशको कृषि क्षेत्र हेर्ने मन्त्रालय सम्झनु पर्छ।

(ण) "मूल्य अभिवृद्धि" भन्नाले कृषि उपजको प्रशोधन, ग्रेडिङ्ग, ब्रान्डिङ्ग, प्याकेजिङ्ग, भण्डारण तथा स्वरुप परिवर्तन गर्ने प्रक्रिया सम्झनु पर्छ।

(त) "वित्तीय संस्था" भन्नाले प्रचलित कानून बमोजिम नेपाल राष्ट्र बैंकबाट वित्तीय कारोवार गर्न ईजाजत प्राप्त बिकास बैंक, सहकारी बैंक, वित्त कम्पनी, थोक तथा खुद्रा कर्जा उपलब्ध गराउने लघुवित्त संस्था सम्झनु पर्छ।

(थ) "सामूहिक जमानी" भन्नाले समूहको सामूहिक उत्तरदायित्वमा प्रवाह गरेको ऋण भुक्तानीको लागि समूहका सबै सदस्यले दिने संयुक्त जमानी सम्झनु पर्छ।

(द) "सम्बन्धित कार्यालय" भन्नाले जिल्लास्थित कृषि ज्ञान केन्द्र र भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र सम्झनु पर्छ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

(ध) "सहकारी संस्था" भन्नाले बचत तथा ऋण सहकारी संस्था, बाहेक बहुउद्देश्य कृषि, दूग्ध र विषयगत विशिष्टिकृत सहकारी संघ वा संस्था सम्झनु पर्छ।

## परिच्छेद-२
## ब्याज अनुदान

३. <u>ब्याज अनुदान उपलब्ध गराउने:</u> ऐनको दफा ४ को उपदफा (२) को खण्ड (ङ) बमोजिम देहायका शर्तहरूको अधीनमा रही ब्याज अनुदान रकम उपलब्ध गराईनेछः-

(क) कृषि व्यवसायसँग सम्बन्धित वस्तुहरुको व्यवसायिक उत्पादन, प्रशोधन, भण्डारण, बजारीकरण तथा कृषि उपजको मूल्य अभिवृद्धि सम्बन्धी अनुसूची-१ मा उल्लेख भएका व्यवसाय हुनुपर्ने,

(ख) ब्याज अनुदान प्राप्त गर्नका लागि प्रचलित कानून बमोजिम फर्म दर्ता भएको हुनुपर्ने,

(ग) खण्ड (ख) बमोजिमको फर्म दफा ५ को खण्ड (ङ), दफा ११ को खण्ड (ङ) र दफा १७ को खण्ड (च) बमोजिमको सूचना प्रकाशित हुनु भन्दा अगाडि दर्ता भएको हुनुपर्ने,

(घ) कृषि कर्जा बैंक, वित्तीय संस्था, वित्त कम्पनी र सहकारी संस्थाबाट लिएको हुनुपर्ने,

(ङ) ब्याज अनुदान सम्बन्धित बैंक, वित्तीय संस्था, वित्त कम्पनी र सहकारी संस्था मार्फत उपलब्ध हुने,

(च) यस कार्यविधि बमोजिमको प्रक्रिया पूरा गरी कृषि कर्जा लिएको हुन पर्ने,

तर यस कार्यविधि बमोजिम सहुलियतपूर्ण कृषि कर्जा चुक्ता गरिसकेको अवस्थामा नयाँ कृषि कर्जा लिन बाधा पर्ने छैन।

आन्तरिक मामिला तथा कानून मन्त्रालय कोशी प्रदेश

४. **कर्जा प्रवाह गर्दा पालना गर्नुपर्ने शर्तः** यस कार्यविधि अनुसार कृषि कर्जा प्रवाह गर्दा बैंक, वित्तीय संस्था, वित्त कम्पनी र सहकारी संस्थाले देहायका विषय अनिवार्य रुपमा पालना गर्नु पर्नेछः-

(क) कृषि कर्जा प्राप्त गर्ने कृषि उद्यमी प्रचलित कानून बमोजिम कालो सूचिमा नपरेको हुनुपर्ने,

(ख) कृषि व्यवसाय सञ्चालन गर्दा आफ्नै स्वामित्वको जग्गा नभएको अवस्थामा प्रचलित कानून बमोजिम लिज करार गरी जग्गा लिएको हुनुपर्ने,

(ग) कृषि कर्जामा उपलब्ध गराइएको रकमबाट ऋणीले जग्गा खरिद, शेयर खरिद तथा अन्य लगानीमा प्रयोग गर्न पाउने छैन। जुन प्रयोजनका लागि कर्जा लिएको हो सोही बमोजिम लगानी गर्नुपर्ने,

(घ) कृषि कर्जा सम्बन्धी परियोजना कोशी प्रदेशमा हुनुपर्ने,

(ङ) सहकारीले आफैंले सञ्चालन गर्ने उद्योग सम्बन्धी पूर्वाधार सहकारीको आफ्नै जग्गामा हुनुपर्ने,

(च) उक्त परियोजनाको लागि अन्य सरकारी अनुदान तथा नेपाल सरकारको सहुलियतपूर्ण कर्जा कार्यक्रममा सहभागी नभएको हुनुपर्ने,

तर विगतमा सरकारी अनुदान प्राप्त गरेका वा सहुलियतपुर्ण कर्जा प्राप्त गरी दोहोरोपना नहुने गरी ब्यवसायको थप विस्तार गर्न तथा अनुसूची -३ बमोजिमका विषयगत उद्यममा आवश्यक चालु कर्जा उपलब्ध गराउन बैंक, वित्तीय संस्था र सहकारीबाट ऋण स्वीकृत गरेको हकमा ब्याज अनुदान उपलब्ध गराउन बाधा पर्ने छैन।

(छ) कृषि कर्जा स्वीकृति गरी परियोजना सञ्चालन गर्ने जग्गाको घेराबारा तथा कम्पाउन्ड वाल निर्माण

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

लगायतका कार्यमा दश प्रतिशत भन्दा बढी खर्च गर्न पाइने छैन ।

## परिच्छेद-३
## बैंक मार्फत लगानी हुने कृषि कर्जामा ब्याज अनुदान सम्बन्धी ब्यवस्था

५. <u>ब्याज अनुदान उपलब्ध गराउने बैंक छनोटः</u> ऐनको दफा ४ को उपदफा (२) को खण्ड (ङ) बमोजिम बैंकमार्फत लगानी हुने कृषि कर्जामा ब्याज अनुदानमा सहभागी हुने बैंकको छनोट देहाय बमोजिम हुनेछः-

(क) कृषि कर्जामा कृषि उद्यमीलाई ब्याज अनुदान उपलब्ध गराउन मन्त्रालयले कोशी प्रदेशमा कार्यरत बैंकबाट प्रस्ताव माग गर्न पन्ध्र दिनको सार्वजनिक सूचना आह्वान गर्नु पर्नेछ।

(ख) खण्ड (क) बमोजिमको समय भित्र ईच्छुक बैंकले अनुसूची-२ को ढाँचामा मन्त्रालयमा प्रस्ताव पेश गर्नु पर्नेछ।

(ग) नियमावलीको नियम ११ बमोजिमको समितिले खण्ड (ख) बमोजिम पेश भएको प्रस्तावको सम्बन्धमा बैंकको कृषि कर्जा लगानी योजना, कर्जाको ब्याज दर, कर्जा लगानीको प्रस्तावित भौगोलिक क्षेत्र र वित्तीय अवस्थालाई आधार मानी उपयुक्त बैंक छनोट गर्नु पर्नेछ।

तर प्रदेश भरको भौगोलिक क्षेत्रमा सहज ढंगले ब्याज अनुदान उपलब्ध गराउन एकभन्दा बढी बैंक छनोट गर्न बाधा पर्ने छैन।

(घ) खण्ड (ग) बमोजिम छनोट भएको बैंकसँग मन्त्रालयले अनुसूची-३ बमोजिम बार्षिक स्वीकृत बजेटको सीमा भित्र रही सम्झौता गर्नु पर्नेछ।

(ङ) मन्त्रालयले खण्ड (घ) बमोजिम सम्झौता गरेको बैंकको नाम, ठेगाना र कार्यक्षेत्र मन्त्रालयको वेभसाईटमा राखी सम्बन्धित कार्यालय र सरोकारवालालाई सार्वजनिक रुपमा जानकारी गराउनु पर्नेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय कोशी प्रदेश

(च) खण्ड (घ) बमोजिमको सम्झौतामा मन्त्रालय र सम्बन्धित बैंकको सहमतिमा कार्यक्षेत्र थपघट गर्न सकिनेछ।

६. <u>कृषि कर्जा स्वीकृति प्रक्रिया:</u> बैंक मार्फत लगानी हुने कृषि कर्जामाअनुदानका लागि कर्जाको स्वीकृति देहाय बमोजिम हुनेछ:-

(क) मन्त्रालय, निर्देशनालय र सम्बन्धित कार्यालयले ब्याज अनुदान कार्यक्रम सम्बन्धमा प्रचार प्रसार गर्नुका साथै आफ्नो कार्यक्षेत्रसँग सम्बद्ध विषयमा कृषि उद्यमीलाई आवश्यक परामर्श तथा ब्यवसायिक योजना तयार गर्न सहयोग गर्नु पर्नेछ।

(ख) कृषि उद्यमीले अनुसूची-१ बमोजिम कृषि कर्जा प्राप्तिका लागि आफ्नो पायक पर्ने स्थानमा रहेको दफा ५ को खण्ड (ग) बमोजिमको बैंकसँग समन्वय गरी अनुसूची-४ बमोजिमको निवेदन र बैंकले माग गरे अनुसारको परियोजना प्रस्ताव समेत पेश गरी कृषि कर्जा स्वीकृतिको प्रक्रिया अघि बढाउन सक्नेछ।

(ग) खण्ड (ख) बमोजिमको प्रक्रिया अगडि बढाउँदा सम्बन्धित उद्यमीले बैंकमा पेश गर्ने प्रयोजनका लागि प्राविधिक उपयुक्तताको सिफारिस प्राप्त गर्न सम्बन्धित कार्यालय समक्ष संक्षिप्त परियोजना प्रस्ताव सहित ब्यवसाय दर्ता र जग्गा सम्बन्धी कागजात समावेश गरी निवेदन पेश गर्नु पर्नेछ।

(घ) खण्ड (ग) बमोजिमको निवेदन पेश भएपछि कार्यालयले जाँचबुझ गरी दश दिनभित्र प्राविधिक उपयुक्तताको सिफारिस दिनु पर्नेछ।

तर त्यस्तो सिफारिस दिन थप कागजात माग गर्नुपर्ने वा स्थलगत अनुगमन गर्नुपर्ने भएमा थप सात दिनको अवधिभित्र सिफारिस दिनु पर्नेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

(ङ) खण्ड (घ) बमोजिमको सिफारिस दिन नमिल्ने भए सोको आधार र कारण खुलाई सात दिन भित्र निवेदकलाई लिखित जानकारी दिनु पर्नेछ।

(च) बैंकले सम्बन्धित कार्यालयको प्राविधिक उपयुक्तताको सिफारिस प्राप्त भए पश्चात बढीमा एक महिना भित्र आफ्नो प्रक्रिया अनुसार कृषि कर्जा स्वीकृत गरी स्वीकृत कर्जा रकम, कर्जा सम्झौता, बीमा र स्वीकृत परियोजना प्रस्ताव लगायत कर्जा सम्बन्धी कागजातको एक-एक प्रति जिल्ला स्थित सम्बन्धित कार्यालयमा पठाउनु पर्नेछ।

(छ) बैंकले कर्जा उपलब्ध गराउँदा परियोजना अनुसार जारी गरिने कर्जालाई अवधि कर्जा (Term Loan), चालु कर्जा (Working Capital) वा दुवै उपलब्ध गराउन सक्नेछ।

(ज) बैंकको कर्जा स्वीकृति सम्बन्धी अन्य प्रक्रिया बैंकको नियमानुसार हुनेछ।

७. <u>**कर्जाको सिमा, अवधि र शर्तः**</u> कृषि कर्जाको सिमा, अवधि र शर्तहरू देहाय बमोजिम हुनेछन्ः-

(क) बैंक मार्फत लगानी हुने कृषि कर्जामा कृषि उद्यमीलाई अनुसूची -१ को बुँदा क. मा उल्लिखित विषयमा न्यूनतम दश लाख रुपैयाँ देखि अधिकतम पचास लाख रुपैयाँसम्म र अनुसूची-१ को बुँदा ख. मा उल्लिखित विषयमा अधिकतम तीन करोड रुपैयाँसम्मको कृषि कर्जामा मात्र मन्त्रालयले ब्याज अनुदान उपलब्ध गराउन सक्नेछ।

(ख) बैंक मार्फत लगानी हुने कर्जामा मन्त्रालयले उपलब्ध गराउने ब्याज अनुदानको अधिकतम अवधि अनुसूची-१ बमोजिम हुनेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

(ग) बैंकले अनुसूची-१ मा उल्लेख भए भन्दा लामो अवधि र बढी रकमको कर्जा स्वीकृत गर्न सक्नेछ।

तर मन्त्रालयले उपलब्ध गराउने ब्याज अनुदानको अधिकतम अवधि र कर्जाको सिमा अनुसूची-१ मा उल्लेख भए भन्दा बढी हुनेछैन।

८. <u>कृषि कर्जा भुक्तानी :</u> बैंकबाट स्वीकृत भएको कर्जाको भुक्तानी प्रयोजनका लागि बैंकले प्रतिफलको अवधि र जोखिमस्तर लगायतका आधारमा किस्ता भुक्तानी दर निर्धारण गर्न सक्नेछ।

९. <u>ब्याज अनुदान दर:</u> बैंक मार्फत लगानी हुने कृषि कर्जामा मन्त्रालयले छ प्रतिशत ब्याज अनुदान उपलब्ध गराउनेछ।

तर कुनै बैंकको कृषि कर्जामा लाग्ने ब्याज दर छ प्रतिशतभन्दा कम कायम भएमा कायम ब्याज दर अनुसार ब्याज अनुदान उपलब्ध गराइनेछ।

१०. <u>कृषि कर्जाको ब्याज अनुदान भुक्तानी प्रक्रिया:</u> (१) कर्जाको ब्याज अनुदान प्राप्त गर्न बैंकले अनुसूची-५ बमोजिम अनुगमन गरी कर्जा उपयोगको आधारमा ऋणीले नियमानुसार भुक्तानी गर्नुपर्ने कर्जा रकम र ऋणीले तिर्नुपर्ने ब्याज रकम नियमित भुक्तानी गरेको प्रमाणित विवरण सहित त्रैमासिक रुपमा अनुसूची-६ र ७ बमोजिमको ढाँचामा मन्त्रालयमा भुक्तानीका लागि निवेदन दिनु पर्नेछ।

(२) बैंकले अनुसूची-७ बमोजिमको विवरणको एक प्रति सम्बन्धित कार्यालयलाई समेत उपलब्ध गराउनु पर्नेछ र सम्बन्धित कार्यालयले उक्त विवरण सम्बन्धित निर्देशनालयमा पठाउनु पर्नेछ।

(३) बैंकले कर्जा प्राप्त गरी सम्झौता बमोजिम कार्य सम्पादन नगर्ने कर्जा नियमित नभएका उद्यमीको विवरण अनुसूची-८ बमोजिमको ढाँचामा मन्त्रालय र सम्बन्धित कार्यालयमा पेश गर्नु पर्नेछ र मन्त्रालयले त्यस्ता ऋणीको थप कर्जा र ब्याज अनुदान रोक्का राख्नु पर्नेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

(४) उपदफा (३) बमोजिम ब्याज अनुदान रोक्का रहेका ऋणीले साँवा र ब्याज रकम भुक्तानी पुनःशुरु गरेको जानकारी सहित सम्बन्धित बैंकले मन्त्रालयमा ब्याज अनुदान निरन्तरताको लागि लेखी पठाएमा मन्त्रालयले ब्याज अनुदान निरन्तरता दिनु पर्नेछ।

तर ब्याज अनुदान निरन्तरताको लागि रोक्का राखिएको र निरन्तरताको लागि अनुरोध भएको समय एक वर्षभन्दा बढी रहने छैन।

(५) उपदफा (१) बमोजिम प्राप्त प्रतिवेदन अनुसार मन्त्रालयले कागजात अध्ययन गरी त्रैमासिक रुपमा ब्याज अनुदान एकमुष्ट रुपमा बैंकलाई भुक्तानी दिनु पर्नेछ।

तर कागजातमा कुनै किसिमको त्रुटि भएमा मन्त्रालय भुक्तानी दिन बाध्य हुनेछैन।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

**परिच्छेद-४**

**वित्तीय संस्था मार्फत लगानी हुने कृषि कर्जामा ब्याज अनुदान सम्बन्धी व्यवस्था**

११. <u>ब्याज अनुदान उपलब्ध गराउने वित्तीय संस्था छनोटः</u> ऐनको दफा ४ को उपदफा (२) को खण्ड (ङ) बमोजिम वित्तीय संस्था मार्फत लगानी हुने कृषि कर्जामा ब्याज अनुदानमा सहभागी हुने वित्तीय संस्थाको छनोट देहाय बमोजिम हुनेछः-

(क) कृषि कर्जामा कृषि उद्यमी तथा सहकारी संस्थालाई ब्याज अनुदान उपलब्ध गराउन मन्त्रालयले कोशी प्रदेशमा कार्यरत बिकास बैंक, सहकारी बैंक, वित्त कम्पनी, थोक तथा खुद्रा कर्जा उपलब्ध गराउने लघुवित्त संस्थाबाट प्रस्ताव माग गर्न पन्ध्र दिनको सार्वजनिक सूचना आह्वान गर्नु पर्नेछ।

(ख) खण्ड (क) बमोजिमको समय भित्र ईच्छुक वित्तीय संस्थाले अनुसूची–२ को ढाँचामा मन्त्रालयमा प्रस्ताव पेश गर्नु पर्नेछ।

(ग) नियमावलीको नियम ११ बमोजिमको समितिले खण्ड (ख) बमोजिम पेश भएको प्रस्तावसँग सम्बन्धित वित्तीय संस्थाको कृषि कर्जा लगानी योजना, कर्जाको ब्याज दर, कर्जा लगानीको प्रस्तावित भौगोलिक क्षेत्र, वित्तीय अवस्थालाई आधार मानी उपयुक्त वित्तीय संस्थाको छनोट गर्नु पर्नेछ।

तर यस खण्ड बमोजिम एक भन्दा बढी वित्तीय संस्थाको छनोट गर्न बाधा पर्ने छैन।

(घ) खण्ड (ग) बमोजिम छनोट भएको वित्तीय संस्थासँग मन्त्रालयले अनुसूची-३ बमोजिम बार्षिक स्वीकृत बजेटको सीमा भित्र रही सम्झौता गर्नु पर्नेछ।

(ङ) खण्ड (घ) बमोजिम सम्झौता गरेको वित्तीय संस्थाको नाम, ठेगाना र कार्यक्षेत्र मन्त्रालयको वेभसाईटमा राखी सम्बन्धित कार्यालय र सरोकारवालालाई सार्वजनिक रुपमा जानकारी गराउनु पर्नेछ।

(च) खण्ड (घ) बमोजिमको सम्झौतामा मन्त्रालय र सम्बन्धित वित्तीय संस्थाको सहमतिमा कार्यक्षेत्र थपघट गर्न सकिनेछ।

१२. <u>**कृषि कर्जा स्वीकृति प्रक्रियाः**</u> वित्तीय संस्था मार्फत लगानी हुने कृषि कर्जामा अनुदानका लागि कर्जा स्वीकृति देहाय बमोजिम हुनेछः-

(क) मन्त्रालय, निर्देशनालय र सम्बन्धित कार्यालयहरुले ब्याज अनुदान कार्यक्रम सम्बन्धमा प्रचार प्रसार गर्नुका साथै आफ्नो कार्यक्षेत्रसँग सम्बद्ध विषयमा कृषि उद्यमी तथा सहकारी संस्थालाई आवश्यक परामर्श तथा ब्यवसायिक योजना तयार गर्न सहयोग गर्नु पर्नेछ।

(ख) कृषि उद्यमी तथा वित्तीय संस्थासँग कारोबारमा आवद्ध सहकारी संस्थाले अनुसूची-१ बमोजिम कृषि कर्जा प्राप्तीका लागि आफ्नो पायक पर्ने स्थानमा रहेको दफा

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

११ को खण्ड (ग) अनुसार वित्तीय संस्थासँग समन्वय गरी अनुसूची-४ बमोजिमको निवेदन र वित्तीय संस्थाबाट माग भए अनुसारको परियोजना प्रस्ताव समेत पेश गरी कृषि कर्जा स्वीकृतिको प्रक्रिया अघि बढाउनु पर्नेछ।

(ग) खण्ड (ख) बमोजिमको प्रक्रिया अघि बढाउँदा सम्बन्धित उद्यमीले वित्तीय संस्थामा पेश गर्ने प्रयोजनका लागि प्राविधिक उपयुक्तताको सफारिस प्राप्त गर्न सम्बन्धित कार्यालय समक्ष संक्षिप्त परियोजना प्रस्ताव सहित व्यवसाय दर्ता र जग्गा सम्बन्धी कागजात पेश गर्नु पर्नेछ।

(घ) खण्ड (ग) बमोजिम बमोजिमको संक्षिप्त परियोजना प्रस्ताव पेश भएपछि कार्यालयले जाँचबुझ गरी दश दिन भित्र सिफारिस दिनु पर्नेछ । त्यस्तो सिफारिस दिन थप कागजात पेश गर्नु पर्ने वा स्थलगत अनुगमन गर्नुपर्ने भए थप सात दिनभित्र सिफारिस दिनु पर्नेछ।

(ङ) खण्ड (घ) बमोजिको सिफारिस गर्न नमिल्ने भए सोको आधार र कारण खुलाई सात दिनभित्र लिखित जानकारी दिनु पर्नेछ।

(च) वित्तीय संस्थाले जिल्ला स्थित सम्बन्धित कार्यालयको प्राविधिक उपयुक्तताको सिफारिस र सहकारी संस्थाको हकमा खण्ड (घ) अनुसारको विवरण समेत प्राप्त भए पश्चात बढीमा एक महिना भित्र आफ्नो नियम र प्रक्रिया अनुसार कृषि कर्जा स्वीकृत गरी कर्जा सम्बन्धी कागजपत्रहरु (स्वीकृत कर्जा रकम, सम्झौता, बीमा र स्वीकृत परियोजना प्रस्ताव) को एक प्रति सम्बन्धित कार्यालयमा पठाउनु पर्नेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

(छ) वित्तीय संस्थाले कर्जा उपलब्ध गराउँदा परियोजना अनुसार जारी गरिने कर्जालाई अवधी कर्जा (Term Loan), चालु कर्जा (Working Capital) वा दुवै उपलब्ध गराउन सक्नेछ।

(ज) वित्तीय संस्थाको कर्जा स्वीकृति सम्बन्धि अन्य प्रक्रिया वित्तीय संस्थाको नियमानुसार हुनेछ।

(झ) नेपाल राष्ट्र बैंकबाट स्वीकृति लिई थोक कर्जा उपलब्ध गराउने लघुवित्त संस्थासँग कारोबारमा आवद्ध सहकारीले आफ्ना सदस्य, सदस्यका सामूहिक परियोजना तथा सहकारी संस्थाले आफै सञ्चालन गर्ने उद्यममा कृषि कर्जा प्रवाह गर्दा थोक कर्जा उपलब्ध गराउने लघुवित्त संस्था र सम्बन्धित सहकारी संस्थाले सहकारीसम्बन्धी प्रचलित कानून प्रतिकुल नहुने गरी आफ्नै नियम/कार्यविधि अनुसार कर्जा प्रवाह गर्न सक्नेछन।

१३. <u>**कर्जाको सिमा, अवधि र शर्तहरुः**</u> वित्तीय संस्था मार्फत प्रवाह हुने कृषि कर्जाको सीमा, अवधि र शर्त देहाय बमोजिम हुनेछः-

(क) वित्तीय संस्थाले कृषिमा आधारित उद्यमी वा अन्य सदस्यता नभएका कृषिमा आधारित उद्यमीलाई प्रचलित कानून अनुसार प्रति सदस्य बढीमा सात लाख रुपैयासम्म कृषि कर्जा लगानी गर्न सक्नेछ।

(ख) नेपाल राष्ट्र बैंकवाट स्वीकृति लिई थोक कर्जा उपलब्ध गराउने लघुवित्त संस्थासँग कारोबारमा आवद्ध सहकारीका सदस्यले सञ्चालन गर्ने ब्यक्तिगत कृषि उद्यममा बढीमा सात लाख रुपैयासम्म, सहकारी संस्थाले आफैं सञ्चालन गर्ने अनुसूची-१ (ग) बमोजिमका उद्यममा बढीमा तीन करोड रुपैया सम्म कृषि कर्जा उपलब्ध गराउन सकिनेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

(ग) सहकारी बैंकबाट कृषि कर्जा लिई सहकारी संस्थाले आफै सञ्चालन गर्ने अनुसूची-१ (ग) बमोजिमका उद्यममा बढीमा तीन करोड रुपैया सम्म कृषि कर्जा उपलब्ध गराउन सकिनेछ।

(घ) वित्तीय संस्था मार्फत लगानी हुने कृषि कर्जामा मन्त्रालयले उपलब्ध गराउने ब्याज अनुदानको अधिकतम अवधि अनुसूची-१ बमोजिम हुनेछ।

(ङ) वित्तीय संस्थाले अनुसूची-१ मा उल्लेख भए भन्दा लामो अवधि र बढी रकमको कर्जा स्वीकृत गर्न सक्नेछन्।

तर मन्त्रालयले उपलब्ध गराउने ब्याज अनुदानको अवधि र कर्जा सिमा अनुसूची-१ भन्दा बढी हुनेछैन।

१४. <u>कृषि कर्जा भुक्तानी प्रक्रियाः</u> वित्तीय संस्थाबाट स्वीकृत भएको कर्जाको भुक्तानी प्रयोजनका लागि वित्तीय संस्थाले प्रतिफलको अवधि र जोखिमस्तर लगायतका आधारमा किस्ता रकम र भुक्तानी दर आफै निर्धारण गर्न सक्नेछ।

१५. <u>ब्याज अनुदान दरः</u> वित्तीय संस्थाबाट स्वीकृत भई लगानी भएको कर्जामा मन्त्रालयले उपलब्ध गराउने ब्याज अनुदान देहाय बमोजिम हुनेछः-

(क) वित्तीय संस्था मार्फत लगानी हुने कृषि कर्जामा लाग्ने ब्याज दरमा सहुलियतको रुपमा मन्त्रालयले सात प्रतिशत ब्याज अनुदान उपलब्ध गराउनेछ।

(ख) मन्त्रालयले उपलब्ध गराउने ब्याज अनुदान रकम सम्बन्धित वित्तीय संस्थाले सम्बन्धित उद्यमीलाई उपलब्ध गराउनु पर्नेछ।

१६. <u>कृषि कर्जाको ब्याज अनुदान भुक्तानी प्रक्रियाः</u> वित्तीय संस्था मार्फत प्रवाह भएको कर्जाको ब्याज अनुदान भुक्तानी प्रक्रिया देहाय बमोजिम हुनेछः-

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

(क) कर्जाको ब्याज अनुदान प्राप्त गर्न वित्तीय संस्थाले अनुसूची-५ बमोजिम अनुगमन गरी कर्जा उपयोगको आधारमा ऋणीले नियमानुसार भुक्तानी गर्नुपर्ने कर्जा रकम र ऋणीले तिर्नुपर्ने ब्याज रकम नियमित भुक्तानी गरेको प्रमाणित विवरण सहितको प्रतिवेदन त्रैमासिक रुपमा अनुसूची-६ र ७ बमोजिमको ढाँचामा वित्तीय संस्थाले मन्त्रालयमा भुक्तानीका लागि निवेदन दिनु पर्नेछ। वित्तीय संस्थाले अनुसूची-७ बमोजिमको विवरणको एक प्रति सम्बन्धित कार्यालयलाई समेत उपलब्ध गराउनु पर्नेछ।

(ख) सम्बन्धित कार्यालयले अनुसूची -७ बमोजिमको उक्त विवरण सम्बन्धित निर्देशनालयमा पठाउनु पर्नेछ। वित्तीय संस्थाले कर्जा प्राप्त गरी सम्झौता बमोजिम कार्य सम्पादन नगर्ने कर्जा नियमित नभएका उद्यमीको विवरण अनुसूची-८ बमोजिमको ढाँचामा मन्त्रालय र सम्बन्धित कार्यालयमा पेश गर्नु पर्नेछ। मन्त्रालयले त्यस्ता ऋणीको थप कर्जा र ब्याज अनुदान रोक्का राख्नु पर्नेछ।

(ग) खण्ड (ख) अनुसार ब्याज अनुदान रोक्का रहेका ऋणीले साँवा र ब्याज रकम भुक्तानी पुनःशुरु गरेको जानकारी सहित सम्बन्धित वित्तीय संस्थाले मन्त्रालयमा ब्याज अनुदान निरन्तरताको लागि लेखी पठाएमा मन्त्रालयले ब्याज अनुदान निरन्तरता दिनु पर्नेछ।

तर रोक्का राखिएको र निरन्तरताको लागि अनुरोध भएको समय एक वर्ष भन्दा बढी हुनु हुदैन।

(घ) खण्ड (क) अनुसार प्राप्त प्रतिवेदन अनुसार मन्त्रालयले कागजात अध्ययन गरी त्रैमासिक रुपमा ब्याज अनुदान एकमुस्ट रुपमा वित्तीय संस्थालाई भुक्तानी दिनु पर्नेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

तर कागजातमा त्रुटि भएमा भुक्तानीको लागि मन्त्रालय बाध्य हुनेछैन।

## परिच्छेद-४
## सहकारी मार्फत लगानी भएको कृषि कर्जामा ब्याज अनुदान सम्बन्धी ब्यवस्था

१७. <u>ब्याज अनुदान उपलब्ध गराउने सहकारी छनोटः</u> ऐनको दफा ४ को उपदफा (२) को खण्ड (ङ) बमोजिम आफ्नै पुँजि परिचालन गरी सदस्यलाई कृषि उद्यम सञ्चालन गर्न कृषि कर्जामा ब्याज अनुदानमा सहभागी हुने सहकारी संस्थाको छनोट देहाय बमोजिम हुनेछः-

(क) सहकारी संस्थाले आफ्नै पुँजि परिचालन गरी आफ्ना कृषि उद्यमी सदस्यलाई कृषि उद्यम सञ्चालन गर्न, कृषि कर्जामा ब्याज अनुदान उपलब्ध गराउन प्रदेशमा कार्यरत सहकारी संस्थालाई प्रस्ताव माग गर्न मन्त्रालयले पन्ध्र दिनको सार्वजनिक सूचना आब्हान गर्नु पर्नेछ।

(ख) खण्ड (क) अनुसार प्रस्ताव पेश गर्न सूचना आब्हान गर्दा मन्त्रालयले विशेष क्षेत्र, जिल्ला र स्थानीय तह लक्षित गरी सूचना आब्हान गर्न सक्नेछ।

(ग) सूचनामा तोकिएको समयभित्र ईच्छुक सहकारी संस्थाले अनुसूची-२ को ढाँचामा प्रस्ताव सहित अनुसूची-९ अनुसार प्रदेशको क्षेत्राधिकारमा रहेको सहकारीले प्रदेश सहकारी रजिस्ट्रार कार्यालयबाट र स्थानीय सरकारको क्षेत्राधिकारमा रहेको सहकारीले स्थानीय सहकारी दर्ता अधिकारी/रजिस्ट्रारबाट प्रमाणित विवरण सहित मन्त्रालयमा प्रस्ताव पेश गर्नु पर्नेछ।

(घ) खण्ड (क) बमोजिमको सूचना अनुसार प्रस्ताव पेश गर्ने सहकारी संस्थाको छनोट नियमावलीको नियम ११ अनुसारको समितिले गर्नु पर्नेछ। त्यसरी छनोट गर्दा

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

सहकारी संस्थाको बाली, बस्तु तथा उत्पादन क्षेत्र किटान गरेको, कृषि कर्जा लगानी योजना, कर्जाको ब्याज दर, कर्जा लगानीको प्रस्तावित स्थानीय तहको वडा आदिलाई आधार मान्नु पर्नेछ।

(ङ) सहकारी संस्था छनोट गर्दा बैंक तथा अन्य वित्तीय संस्थाको पँहुच नपुगेको क्षेत्रमा कृषि कर्जा प्रवाह गर्ने सहकारी संस्थालाई छनोटमा प्राथमिकता दिनु पर्नेछ।

(च) खण्ड (घ) अनुसार छनोट भएको सहकारी संस्थासँग मन्त्रालयले अनुसूची-३ बमोजिम बार्षिक स्वीकृत बजेटको परिधि अनुरुप सम्झौता गर्नुपर्नेछ। मन्त्रालयले सम्झौता गरेको सहकारी संस्थाको नाम, ठेगाना र कार्यक्षेत्र मन्त्रालयको वेभसाईटमा राखि सम्बन्धित कार्यालय र सरोकारवालालाई सार्वजनिक रुपमा जानकारी गराउनु पर्नेछ।

(छ) खण्ड (घ) अनुसार सहकारी संस्था छनोट गर्दा एक भन्दा बढी सहकारी संस्था छनोट गर्न बाधा पर्ने छैन।

१८. <u>कर्जा स्वीकृतीः</u> सहकारी मार्फत लगानी हुने कर्जा स्वीकृति देहाय बमोजिम हुनेछः-

(क) मन्त्रालय, निर्देशनालय र सम्बन्धित कार्यालयले ब्याज अनुदान कार्यक्रम सम्बन्धमा प्रचार प्रसार गर्नुका साथै आफ्नो कार्य क्षेत्रसँग सम्बद्ध विषयमा कर्जामा कृषि उद्यमीलाई आवश्यक परामर्श तथा परियोजना तयार गर्न सहयोग गर्नु पर्नेछ।

(ख) सहकारीका सदस्य कृषि उद्यमीले अनुसूची-१ बमोजिमका ब्यवसाय मध्येबाट कृषि कर्जा प्राप्तिका लागि आफू सदस्य रहेको दफा १७ को खण्ड (घ) अनुसारको सहकारी संस्थासँग समन्वय गरी अनुसूची-४ बमोजिमको निवेदन र सहकारी संस्थाले माग गरे

आन्तरिक मामिला तथा कानून मन्त्रालय कोशी प्रदेश

अनुसारको परियोजना समेत पेश गरी कृषि कर्जा स्वीकृतिको प्रक्रिया अघि बढाउनु पर्नेछ।

(ग) खण्ड (ख) बमोजिमको प्रक्रिया अगाडी बढाउँदा सम्बन्धित उद्यमीले सहकारीमा पेश गर्ने प्रयोजनका लागि प्राविधिक उपयुक्तताको सिफारिस प्राप्त गर्न सम्बन्धित कार्यालय समक्ष संक्षिप्त परियोजना प्रस्ताव सहित ब्यवसाय दर्ता र जग्गा सम्बन्धि कागजात पेश गर्नु पर्नेछ।

(घ) खण्ड (ग) बमोजिमको संक्षिप्त परियोजना प्रस्ताव पेश भएपछि कार्यालयले जाँचबुझ गरी दश दिन भित्र सिफारिस दिनु पर्नेछ। त्यस्तो सिफारिस दिन थप कागजात पेश गर्नु पर्ने वा स्थलगत अनुगमन गर्नुपर्ने भए पर्ने भए थप सात दिन भित्र सिफारिस दिनु पर्नेछ।

(ङ) खण्ड (घ) बमोजिको सिफारिस गर्न नमिल्ने भए सोको आधार र कारण खुलाई सात दिन भित्र लिखित जानकारी दिनु पर्नेछ।

(च) सहकारीले कर्जा मागसम्बन्धी कागजात प्राप्त पश्चात बढीमा एक महिनाभित्र आफ्नो नियम र प्रक्रिया अनुसार कृषि कर्जा स्वीकृतसम्बन्धी निर्णय गरि सक्नु पर्नेछ। कर्जासम्बन्धी कागजपत्र (स्वीकृत कर्जा रकम, सम्झौता, वीमा र स्वीकृत परियोजना प्रस्ताव) को एक प्रति सम्बन्धित कार्यालयमा पठाउनु पर्नेछ।

(छ) सहकारीले कर्जा उपलब्ध गराउँदा परियोजना अनुसार जारी गरिने कर्जालाई अवधी कर्जा (Term Loan), चालु कर्जा (Working Capital) वा दुवै उपलब्ध गराउन सक्नेछ।

(ज) सहकारीको कर्जा स्वीकृतिसम्बन्धी अन्य प्रक्रिया सहकारीको नियमानुसार हुनेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

१९. **<u>कर्जाको सीमा, अवधि र शर्तहरु:</u>** सहकारी मार्फत परिचालन हुने कर्जाको सिमा अवधि र शर्तहरु देहाय बमोजिम हुनेछः-

(क) सहकारी मार्फत लगानी हुने कर्जामा कृषि उद्यमीको हकमा अनुसूची-१ अनुसार अधिकतम दश लाख रुपैयासम्मको कृषि कर्जामा ब्याज अनुदान उपलब्ध गराउन सकिनेछ ।

(ख) सहकारी संस्था मार्फत लगानी हुने कृषि कर्जामा मन्त्रालयले उपलब्ध गराउने ब्याज अनुदानको अधिकतम अवधि तीन वर्षको मात्र हुनेछ।

(ग) सहकारी संस्थाले तीन वर्षभन्दा लामो अबधि र बढी रकमको कर्जा स्वीकृत गर्न सक्नेछन तर मन्त्रालयले उपलब्ध गराउने ब्याज अनुदानको अवधि तीन वर्ष र कर्जाको सीमा दश लाखभन्दा बढी हुने छैन।

२०. **<u>कर्जा भुक्तानी प्रक्रियाः</u>** सहकारीबाट स्वीकृत भएको कर्जाको भुक्तानी सहकारीले ऋणीलाई कर्जा उपलब्ध गराउँदा दश लाख रुपैयाँसम्मको स्वीकृत कर्जालाई आफ्नो नियम अनुसार किस्ता निर्धारण गरी उपलब्ध गराउन सक्नेछ।

२१. **<u>ब्याज अनुदान दर:</u>** सहकारी मार्फत स्वीकृत भई लगानी भएको कर्जामा उपलब्ध गराउने ब्याज अनुदान सहकारी सदस्य  कृषि उद्यमीले लिएको कृषि कर्जामा मन्त्रालयले आठ प्रतिशत ब्याज अनुदान उपलब्ध गराउनेछ।

२२. **<u>कृषि कर्जाको ब्याज अनुदान भुक्तानी प्रक्रियाः</u>** सहकारी मार्फत प्रवाह भएको कर्जाको ब्याज अनुदान भुक्तानी प्रक्रिया देहाय बमोजिम हुनेछः-

(क) कर्जाको व्याज अनुदान प्राप्त गर्न सहकारीले अनुसूची-५ बमोजिम अनुगमन गरी कर्जा उपयोगको आधारमा ऋणीले नियमानुसार भुक्तानी गर्नुपर्ने कर्जा रकम र ऋणीले तिर्नुपर्ने ब्याज रकम भुक्तानी गरेको प्रमाणित विवरण सहितको प्रतिवेद त्रैमासिक रुपमा अनुसूची-६ र ७ बमोजिमको ढाँचामा मन्त्रालयमा निवेदन दिनु पर्नेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

सहकारी संस्थाले अनुसूची-७ बमोजिमको विवरण एक प्रति सम्बन्धित कार्यालयलाई समेत उपलब्ध गराउनु पर्नेछ। सम्बन्धित कार्यालयले अनुसूची -७ बमोजिमको उक्त विवरण सम्बन्धित निर्देशनालयमा पठाउनु पर्नेछ।

(ख) सहकारीले कर्जा प्राप्त गरी सम्झौता बमोजिम कार्य सम्पादन नगर्ने कर्जा नियमित नभएका उद्यमीको विवरण अनुसूची-८ बमोजिमको ढाँचामा मन्त्रालय र सम्बन्धित कार्यालयमा पेश गर्नु पर्नेछ। मन्त्रालयले त्यस्ता ऋणीको थप कर्जा र ब्याज अनुदान रोक्का राख्नु पर्नेछ।

(ग) खण्ड (ख) अनुसार ब्याज अनुदान रोक्का रहेका ऋणीले साँवा र ब्याज रकम भुक्तानी पुनः शुरु गरेको जानकारी सहित सम्बन्धित सहकारीले मन्त्रालयमा ब्याज अनुदान निरन्तरताको लागि लेखी पठाएमा मन्त्रालयले ब्याज अनुदान निरन्तरता दिनुपर्नेछ।

तर रोक्का राखिएको र निरन्तरताको लागि अनुरोध भएको समय एक वर्षभन्दा बढी हुनु हुदैन।

(घ) खण्ड (क) अनुसार प्राप्त प्रतिवेदन अनुसार मन्त्रालयले कागजात अध्ययन गरी त्रैमासिक रुपमा ब्याज अनुदान एकमुस्ट रुपमा सहकारी संस्थालाई भुक्तानी दिनुपर्नेछ।

तर कागजातमा त्रुटी भएमा भुक्तानीका लागि मन्त्रालय बाध्य हुने छैन।

## परिच्छेद-५
## विविध

२३. <u>ब्याज अनुदानको अनुगमन सम्बन्धमाः</u> (१) ऐन र नियमावलीमा ब्यवस्था भएको समितिका अतिरिक्त ब्याज अनुदानको कार्यक्रमलाई ब्यवस्थित रुपमा सञ्चालन गर्न देहाय बमोजिमकोव्याज अनुदानको अनुगमन समिति रहनेछः-

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

(क) मन्त्री, उद्योग कृषि तथा सहकारी मन्त्रालय -संयोजक

(ख) सचिव, उद्योग कृषि तथा सहकारी मन्त्रालय -सदस्य

(ग) प्रमुख, कृषि विकास निर्देशनालय -सदस्य

(घ) प्रमुख, पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय -सदस्य

(ङ) महाशाखा प्रमुख, आर्थिक मामिला तथा योजना मन्त्रालय -सदस्य

(ङ) कानून महाशाखा प्रमुख, आन्तरिक मामिला तथा कानुन मन्त्रालय -सदस्य

(च) उप निर्देशक, नेपाल राष्ट्र बैक, प्रदेश कार्यालय बिराटनगर -सदस्य

(ज) रजिस्ट्रार, प्रदेश सहकारी रजिस्ट्रार कार्यालय - सदस्य

(झ) बैक तथा वित्तीय संस्थाको तर्फबाट मन्त्रालयले तोकेको एकजना प्रतिनिधि -सदस्य

(झ) योजना अनुगमन तथा मूल्यांकन महाशाखा प्रमुख, उद्योग कृषि तथा सहकारी मन्त्रालय -सदस्य-सचिव

(२) ब्याज अनुदान अनुगमन समितिको काम कर्तब्य अधिकार देहाय बमोजिम हुनेछः-

(क) ब्याज अनुदान कार्यक्रमको अनुगमन गरी नियमावलीको नियम १३ को समिति समक्ष सुधारका लागि सुझाव उपलब्ध गराउने,

(ख) ब्याज अनुदान कार्यक्रम कार्यान्वयन कार्यविधिमा देखिएका समस्याका बारेमा सरोकारवालासँग छलफल गरी मन्त्रालयलाई सुझाव उपलब्ध गराउने,

(ग) यस कार्यवधिमा रहेका अनुसूची परिमार्जन तथा थपघट गर्न मन्त्रालयलाई सिफारिस गर्ने,

(घ) कृषि कर्जा उपलब्ध गराउने बैक, बित्तीय संस्थालाई आवश्यक निर्देशन दिन मन्त्रालय मार्फत नेपाल राष्ट्र बैकमा पठाउने विषय सिफारिस गर्ने।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

(३) ब्याज अनुदान अनुगमन समितिको बैठक वर्षमा न्यूनतम दुई पटक बस्नु पर्नेछ।

२४. <u>अनुगमनः</u> (१) सम्बन्धित कार्यालय र कृषि कर्जा उपलब्ध गराउने बैंक, वित्तीय संस्था र सहकारी संस्थाले यस कार्यक्रम अन्तर्गत परिचालन भएको कृषि कर्जा प्राप्त गर्ने ऋणीको आवश्यकता अनुसार आफै वा सम्बन्धित कार्यालयसँग संयुक्त स्थलगत अनुमगन गर्न सक्नेछन्।

(२) उपदफा (१) बमोजिमको अनुगमन प्रतिवेदन सम्बन्धित कार्यालयले अर्धवार्षिक रुपमा निर्देशनालय मार्फत मन्त्रालयमा पठाउनु पर्नेछ।

२५. <u>तथ्याङ्क ब्यवस्थापन सम्बन्धमाः</u> मन्त्रालयले ब्याज अनुदान कार्यक्रमको तथ्याङ्क व्यवस्थापन गर्न व्यवस्थित सफ्टवेर प्रणाली बनाई लागु गर्नु पर्नेछ।

२६. <u>जानकारी गराउनु पर्नेः</u> बैक, वित्तीय सस्था र सहकारी संस्थाहरुले आफुले प्रवाह गरेको कर्जाको अवस्थाको वारेमा उपलव्धी सूचक सहित सम्वन्धित कार्यालयको समन्वयमा त्रैमासिक रुपमा मन्त्रालयलाई प्रगति वुझाउनु पर्नेछ। प्रगतिको ढाँचा मन्त्रालयले तोके बमोजिम हुनेछ।

२७. <u>अनुसूची थपघट गर्न सक्नेः</u> यस कार्यविधिमा रहेका अनुसूचीमा मन्त्रालयले आवश्यकता अनुसार संशोधन तथा थपघट गर्न सक्नेछ।

२८. <u>प्रचलित कानुन बमोजिम हुनेः</u> यस कार्यविधिमा उल्लेख भएका विषयको हकमा यसै बमोजिम र अन्य विषयको हकमा प्रचलित कानून बमोजिम हुनेछ।

२९. <u>कार्यालयमा कृषि कर्जाको सहजीकरण डेस्क राख्नु पर्नेः</u> मन्त्रालय र मातहत कार्यलयमा कृषि कर्जा सहजीकरणका लागि सहजीकरण डेस्कको ब्यवस्था गर्नु पर्नेछ।

३०. <u>संशोधन वा खारेजीः</u> प्रदेश सरकारले जुनसुकै बखत यो कार्यविधि संशोधन वा खारेज गर्न सक्नेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कर्णाली प्रदेश

अनुसूची-१

(दफा ३ को खण्ड (क), दफा ६ को खण्ड (ख), दफा ७ को खण्ड (क), (ख) र (ग), दफा १२ को खण्ड (ख), दफा १३ को खण्ड (ख), (ग), (घ) र (ङ), दफा १८ को खण्ड (ख) र दफा १९ को खण्ड (क) संग सम्बन्धित)

<u>ब्याज अनुदानको लागि कृषि व्यवसाय र ब्याज अनुदान भुक्तानी अधिकतम अवधि</u>

| सि.नं. | व्यवसायको प्रकार | ब्याज अनुदान भुक्तानी अधिकतम अवधि (वर्ष) |
|---|---|---|
| क. | कृषि उद्यमीका सम्बद्ध परियोजना (बैंक मार्फत अधिकतम दश लाख देखि पचास लाख रुपैमा सम्मको कृषि कर्जा/वित्तीय संस्था मार्फत अधिकतम सात लाख सम्मको कृषि कर्जा/ सहकारी संस्था मार्फत अधिकतम दशलाख सम्मको कृषि कर्जा) | |
| १. | पशुपालन (गाई/भैंसी/) | ५ |
| २. | पशुपालन (भेडा/बाख्रा/बँगुर) | ३ |
| ३. | माछापालन (पोखरी/भुरा उत्पादन/रेसवे निर्माण सहितको) | ५ |
| ४. | माछापालन (तयारी पोखरी/रेसवे भएको अवस्था) | ३ |
| ५. | कुखुरापालन (ब्रोइलर) | ३ |
| ६. | कुखुरापालन (लेयर्स/स्थानीय) | ३ |
| ७ | बिशिष्ट जातको पशुपन्छी (कालिज/टर्की/बट्टाई आदि) | ३ |

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

| सि.नं. | व्यवसायको प्रकार | ब्याज अनुदान भुक्तानी अधिकतम अवधि (वर्ष) |
|---|---|---|
| ८ | ब्यवसायिक पशुपालन फार्महरुका लागि साईलेज तयारी सम्बद्ध यन्त्र उपकरण तथा भण्डारण संरचना निर्माण | ५ |
| ९ | पशुपन्छी उपचार प्रयोगशाला उपकरण, कृत्तिम गर्भाधान उपकरण खरिद | ३ |
| १० | पशुपन्छीजन्य उत्पादनको प्रसोधन, भण्डारण र बजारिकरण | ५ |
| ११ | तरकारी खेती तथा बजारिकरण | ३ |
| १२ | फलफूल उत्पादन (हिउदे फलफूल/सुन्तला जात/आँप/किवी/सिउडी फल/लिची/अम्वा/एभोकाडो आदि) | ५ |
| १३ | फलफूल उत्पादन (भुइकटर/केरा/मेवा/स्ट्रवेरी) | ३ |
| १४ | फलफूल नर्सरी स्थापना तथा सञ्चालन | ३ |
| १५ | पुष्प व्यवसाय/ पुष्प नर्सरी स्थापना तथा सञ्चालन | ३ |
| १६ | खाद्यान्न बीउ उत्पादन | ३ |
| १७ | मह उत्पादन तथा प्रसोधन | ३ |
| १८ | च्याउ उत्पादन तथा बजारिकरण | ३ |

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

| सि.नं. | व्यवसायको प्रकार | ब्याज अनुदान भुक्तानी अधिकतम अवधि (वर्ष) |
|---|---|---|
| १९ | उखु, कफी, चिया, अलैंची, अदुवा, बेसार,सुपारी,सजिवन उत्पादन, भण्डारण, प्रशोधन र बजारिकरण | ५ |
| २० | सूर्यमुखी, कपास, सनपाट, तेलहन,दलहन,कोदो, जौ, फापर, सिलाम,गहत, मस्याङ्ग लगातय स्थानीय रैथानेवाली,अकबरे खुर्सानी उत्पादन, भण्डारण, प्रशोधन र बजारिकरण | ३ |
| २१ | प्राङ्गारिक तथा जैविक मल/ जैविक विषादी उत्पादन तथा बजारिकरण | ५ |
| २२ | प्राकृतिक रेशाजन्यबालीको खेती गरी रेशा प्रशोधन लगायत कृषि उपजको प्रशोधन, भण्डारण र बजारिकरण | ३ |
| २३ | कृषि उपजको प्रशोधन, भण्डारण र बजारिकरण | ५ |
| २४ | कृषि उपजहरुको उत्पादनसँग सम्बन्धित व्यवसायलाईचालु पूँजि कर्जा Working Capital (भौतिक पूर्वाधार नभएको) | ५ |
| २५ | कृषि उपजहरुको उत्पादन र भण्डारण सँग सम्बन्धित व्यवसाय (भौतिक पूर्वाधार भएको) | ५ |
| २६ | विद्यमान गाईभैसीपालन/बाख्रापालन/ | १-३ (वार्षिक नवीकरण) |

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

| सि.नं. | व्यवसायको प्रकार | ब्याज अनुदान भुक्तानी अधिकतम अवधि (वर्ष) |
|---|---|---|
| | बंगुरपालन ब्यवसायका लागि चालु पूँजि कर्जाWorking Capital | |
| २७ | कृषि यन्त्र उपकरण औजार उत्पादन | ५ |
| २८ | कृषि यन्त्र उपकरण औजार, कृषि उपज ढुवानी साधन खरिद | १-३(वार्षिक नवीकरण) |
| २९ | डेरी उद्योग / माछाप्रसोधन/ मासु प्रसोधनउद्यम स्थापना तथा सञ्चालन | ५ |
| ३० | माछामासु पसाल सुधार तथा बिक्री केन्द्र स्थापना | ५ |
| ३१ | पशुपन्छी/ माछाको दाना उत्पादन | ५ |
| | | |
| ख. | कृषि उपजको मूल्य अभिवृद्धि सम्बद्धउद्योगले सञ्चालन गर्ने परियोजनाका लागि मात्र (बैक मार्फत अधिकत तीन करोड रुपैमा सम्मको कृषि कर्जा) | |
| १ | कृषि उपजको (खाद्यान्न, खाद्यान्न बीउ, रैथाने बाली, फलफूल, तरकारी, अकबरे खुर्सानी, आलु, चिया, कफी, अदुवा, बेसार, अलैची, तेलहन, दलहन, सुपारी, दूध, मासु, माछा, मह र च्याउ) मूल्य अभिवृद्धि सम्बन्धि परियोजना | ५ |
| २ | प्राङ्गारीक मल उत्पादन तथा बजारिकरण सम्बद्ध परियोजना | ५ |

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

| सि.नं. | व्यवसायको प्रकार | ब्याज अनुदान भुक्तानी अधिकतम अवधि (वर्ष) |
|---|---|---|
| ३ | कस्टम ह्यारिङ्ग सेन्टर स्थापना तथा सञ्चालन सम्बन्धी परियोजना | ५ |
| ४ | डेरी उद्योग, मासु प्रसोधनउद्योग स्थापना तथा सञ्चालनसम्बन्धी परियोजना | ५ |
| ५. | कृषि यन्त्र उपकरण औजार उत्पादन सम्बन्धी परियोजना | ५ |
| ६. | पशुपन्छी/ माछाको दाना उत्पादन सम्बन्धि परियोजना | ५ |
| ग. | सहकारी संस्थाले वित्तीय संस्थाबाट कृषि कर्जा लिई आफैले सञ्चालन गर्ने उद्यम प्रयोजनका लागि तीन करोड सम्मको कृषि कर्जा | |
| १ | कस्टम ह्यारिङ्ग सेन्टर स्थापना तथा सञ्चालन सम्बन्धी परियोजना | ५ |
| २ | कृषि उपज(खाद्यान्न, खाद्यान्न बीउ, रैथाने बाली, फलफूल, तरकारी, अकबरे खुर्सानी, आलु, चिया, कफी, अदुवा, बेसार, अलैची, तेलहन, दलहन, सुपारी, दूध, मासु, माछा, मह ) प्रसोधन तथा मूल्य अभिवृद्धि सम्बद्ध परियोजना | ५ |
| ३ | प्राङ्गारीक मल उत्पादन सम्बद्ध परियोजना | ५ |
| ४ | डेरी उद्योग स्थापना र सञ्चालन परियोजना | ५ |

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

| सि.नं. | व्यवसायको प्रकार | ब्याज अनुदान भुक्तानी अधिकतम अवधि (वर्ष) |
|---|---|---|
| ५. | साईलेज उत्पादन सम्बद्ध यन्त्र उपकरण तथा भण्डारण संरचना निर्माण | ५ |

दृष्टव्यः यस अनुसूचीको प्रयोजनको लागि "भौतिक पूर्वाधार" भन्नाले कृषि व्यवसायमा कम्तीमा तीन वर्षभन्दा बढी अवधि खप्ने कोल्ड स्टोर, रस्टिक स्टोर, फलामे ग्रीन हाउस, नेट हाउस, अन्य यस्तै प्रकृतिका कृषि सामग्री सम्झनु पर्छ। यस्ता भौतिक पूर्वाधारहरु निर्माण गर्दा मन्त्रालयवाट स्वीकृत पुर्वाधारका मापदण्ड तथा प्रचलित ऐन कानुनमा भएका ब्यवस्थाहरुको पालना गर्नुपर्नेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

अनुसूची- २

(दफा ५ को खण्ड (ख), दफा ११ को खण्ड (ख) र दफा १७ को खण्ड (ग) संग सम्बन्धित)

ब्याज अनुदान कार्यक्रममा सहभागी हुन बैंक/वित्त कम्पनी/लघुवित्त संस्था/ सहकारी संस्थाले दिने प्रस्तावको ढाँचा

मितिः

श्री उद्योग कृषि तथा सहकारी मन्त्रालय,

विराटनगर।

विषयः ब्याज अनुदान कार्यक्रममा सहभागीता सम्बन्धमा।

महाशय,

उपर्युक्त सम्बन्धमा कोशी प्रदेश,उद्योग कृषि तथा सहकारी मन्त्रालयले जारी गरेको "कृषि कर्जामा ब्याज अनुदान ब्यवस्थापन कार्यविधि, २०८१" बमोजिम वित्त बैंक/वित्तीय संस्था, / सहकारी संस्थामार्फत ब्याज अनुदान कार्यक्रममा सहभागीताका लागि तपशिलका कागजात एवम् विवरण सहित यो निवेदन पेश गरिएको छ।

निवेदक

बैक/वित्तीय संस्था/ सहकारीसंस्थाको नामः

ठेगानाः

सम्पर्क टेलिफोन नं.

अधिकार प्राप्त अधिकारीको नाम र हस्ताक्षर कार्यालयको छाप

पेश गर्नुपर्ने कागजात/ विवरणहरुः

(क) प्रवाह हुने कृषि कर्जामा लाग्ने ब्याज दर

(ख) बैक/ लघुवित्त संस्था/ सहकारी संस्थाका शाखा कार्यालयहरु भएका स्थानीय तहमा सेवा प्रवाह गरेका कार्यालय संख्या वा कोशी प्रदेशमा रहेका शाखा कार्यालयको संख्या, नाम र ठेगाना

(ग) कृषि कर्जा परिचालन गर्न प्रस्ताव गरेका कोशी प्रदेशका जिल्ला र स्थानीय तहहरु

(घ) चालु आ.ब........मा परिचालन गर्न सक्ने कर्जाको अनुमानित रकम.................रुपैया

(ङ) अन्य

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

अनुसूची- ३

(दफा ५ को खण्ड (घ), दफा ११ को खण्ड (घ) र दफा १७ को खण्ड (च) संग सम्बन्धित)

मन्त्रालय र बैक/वित्त कम्पनी/लघुवित्त संस्था/सहकारी संस्थाबीच हुने सम्झौतामा उल्लेख हुनुपर्ने विषयहरु

१. सम्झौताको पृष्ठभूमिः
२. सम्झौताका पक्षहरुः
३. कृषि कर्जामा लगानी भएको कर्जामा मात्र ब्याज अनुदान उपलब्ध गराउने विषयः
४. ऋणी सदस्य छनोट गर्ने जिम्मेवारी बैक/वित्तीय संस्था/ सहकारी संस्थाको नियमानुसार गर्ने विषयः
५. कर्जा असुल नभएमा बैक/वित्तीय संस्था/ सहकारी संस्था जिम्मेवार हुने विषयः
६. ब्याज अनुदान वापतको रकम सोधभर्ना लिने अवधि सम्बन्धी
७. कार्यविधि र सम्झौताका शर्त बमोजिम नभएमा सम्झौता भङ्ग हुने विषय
८. एक आर्थिक वर्षमा अधिकतम परिचालन हुने कर्जाको सिमा रकम
९. कर्जा परिचालन गर्ने जिल्ला, स्थानीय तह सम्बन्धी विषय
१०. सहकारीले आफै सञ्चालन गर्ने उद्यम/उद्योगका सम्बन्धी विषय
११. कर्जा परिचालन गर्ने जिल्ला, स्थानीय तह वा स्थान विशेष क्षेत्र तथा बाली/बस्तु/कृषि उपज सम्बन्धी विषय (सहकारीको हकमा मात्र)
१२. सम्झौता अवधि र सम्झौता नवीकरण तथा सम्झौता खारेजी सम्बन्धि विषय

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

अनुसूची- ४

(दफा ६ को खण्ड (ख), दफा १२ को खण्ड (ख) र दफा १८ को खण्ड (ख) संग सम्बन्धित)

<u>अनुदान लिन चाहने व्यक्ति/फर्म/कम्पनी/ सहकारी संस्थालेबैक/वित्त कम्पनी/लघुवित्त संस्था/ सहकारी संस्थामा दिने निवेदनको ढाँचा</u>

श्री....................बैक/वित्त कम्पनी/लघुवित्त संस्था/ सहकारी संस्था मितिः ................................।

विषयः ब्याज अनुदान सहितको .............................कर्जा बारे।

महाशय,

उपर्युक्त सम्बन्धमा कोशी प्रदेश,उद्योग कृषि तथा सहकारी मन्त्रालयले जारी गरेको "कृषि कर्जामा ब्याज अनुदान ब्यवस्थापन कार्यविधि, २०८१"बमोजिम ब्याज अनुदानमा कर्जा उपभोग गर्नका लागि मलाई/मेरो (फर्म /कम्पनी /संस्था) ...............लाई ...........प्रयोजनका लागि कर्जा प्रदान हुन यो निवेदन पेश गरेको छु।साथै, त्यस बैक/वित्त कम्पनी/लघुवित्त संस्था/सहकारी संस्थाले तोकेका कागजात तथा विवरण समेत यसै निवेदन साथ संलग्न गरी पेश गरेका छु/छौ।मैले प्रचलित कानून नेपाल राष्ट्र बैंकबाट जारी गरिएको नियमन, निर्देशन र परिपत्र तथा बैक/वित्त कम्पनी/लघुवित्त संस्था/सहकारी संस्थाबाट तोकिएको शर्तहरुको अधीनमा रही कर्जाको सही सदुपयोग गरी कर्जाको साँवा तथा ब्याज समयमै भुक्तानी गर्नेछु।

नामः

ठेगानाः

सम्पर्क टेलिफोन नं.

<u>फर्म /कम्पनी /संस्था /उद्योग भए</u>

नामः

छापः

ठेगानाः

सम्पर्क टेलिफोन नं.

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

अनुसूची-५

(दफा १० को उपदफा (१), दफा १६ को खण्ड (क) र दफा २२ को खण्ड (क) सँग सम्बन्धित)

बैंक/वित्त कम्पनी/लघुवित्त संस्था/सहकारी संस्था मार्फत सञ्चालित ब्याज अनुदान कार्यक्रमको अनुगमन प्रतिवेदनको ढाँचा

सम्बन्धित कार्यालयबाट ऋणिहरुको १-४ सम्मको विवरण अनुसार अनुगमन गरि ५ अनुसारको विवरण तयार गरी मन्त्रालयमा ब्याज अनुदान भुक्तानीका लागि सिफारिस गर्नुपर्नेछ

१.ऋणीको विवरणः

| | | | |
|---|---|---|---|
| नामः | | ठेगाना | |
| ब्यवसायको नाम | | सम्पर्क नम्वर | |
| कर्जा प्रवाह गर्ने बैंक/वित्त कम्पनी/लघुवित्त संस्था सस्था/सहकारी संस्था | | कर्जा को परिमाण रकम रु | |
| कर्जा प्राप्त मिति | | साँवा र ब्याज भुक्तानी अन्तिम मिति | |
| कर्जा चुक्ता गर्ने अवधि | | त्रैमासिक किस्ता (ब्याज र साँवा समेत) | |
| हाल सम्म चुक्ता रकम | | | |

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

२. व्यवसायको विवरण र प्रगति अवस्थाः

| | |
|---|---|
| व्यवसायको नाम | |
| फर्ममा उत्पादन कृषि/पशुपन्छीजन्य उत्पादन/उपज विवरण | |
| फर्ममा कार्यरत मौसमी कर्मचारी संख्याः | |
| फर्ममा स्थायी कर्मचारी संख्याः | |
| फर्ममा उत्पादित कृषि उपजको बिक्रिबाट प्राप्त मासिक आम्दानी रुपैया | रुपैया |
| व्यवसायको विमा गरेको कम्पनी र मितिः | |
| स्वीकृत परियोजना अनुरुप काम भए/नभएको | |

३.ब्यवसायको ऋण लगानी विवरणः

| क | पूजिगत खर्चहरु | | | | | |
|---|---|---|---|---|---|---|
| क्र. सं. | भौतिक पुर्वाधारहरु/ यन्त्र उपकरण/ औजारहरु | नयाँ निर्माण वा मर्मत | संख्या | लागत रु | लागत खुल्ने कागजपत्रहरु | कैफियत |
| | | | | | | |

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| ख | चालु खर्च (व्यवसाय सञ्चालनको लागि आवश्यक पर्ने वीउ/पशु नश्ल/विषादी/दाना/श्रमिक खर्च/विजुली पानी/मल आदि लगायतका निरन्तर चाहिने सामग्रीहरु) | | | | | |
| क्र. सं. | सामानहरु को विवरण | संख्या /परिमाण | लागत खर्च रु | लागत खुल्ने कागजपत्रह रु | प्रयोग भएका सामानह रुको खरिद स्थल वा बजार | कैफियत |
| | | | | | | |
| | | | | | | |

४. व्यवसायको प्रगति अवस्थाः

| | |
|---|---|
| परियोजनाको अवस्थाः | |
| सावाँ र ब्याज तिरे/नतिरेको अवस्था (तिरेको कागजपत्र हेर्ने) | |
| फर्मको समग्र अवस्था | |
| ऋणको सदुपयोग भएको/ नभएको | |
| ब्याज अनुदान भुक्तानीको लागि योग्य भएको/नभएको | |
| सुधारको लागि गर्नुपर्ने कार्यहरु | |

माथि उल्लिखित विवरण ठीक छ भनि सहिछाप गर्ने व्यवसायीको नाम, हस्ताक्षर र मिति

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

## ५. ब्याज अनुदान प्राप्त गर्न योग्य/अयोग्य को एकमुस्ट विवरण

| क्र.सं | ऋणीको नाम र ठेगाना | कर्जा उपलब्ध गराएको विपय | कर्जा अवधि | कर्जाको परिमाण रु | ब्याज अनुदान प्राप्त गर्न योग्य कर्जा रकम रु | कर्जा प्रवाह मिति | कर्जाको अन्तिम भुक्तानी मिति | बाँकी कर्जा रु | कायम भएको ब्याजदर | हाल सम्म ऋणीवाट असुल भएको साँवा ब्याज रकम रु | यस त्रैमासिकमा ऋणीवाट प्राप्त ब्याज रकम रु | ब्याज अनुदान रकम रु | ब्याज अनुदानका लागि योग्य/ अयोग्य |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| जम्मा | | | | | | | | | | | | | |

अनुगमनकर्ताः

नाम

पदः

हस्ताक्षरः

बैंक/वित्तीय संस्था/ सहकारीः

मितिः

अनुगमनकर्ताः

नाम

पदः

हस्ताक्षरः

बैंक/वित्तीय संस्था/ सहकारीः

मिति

आन्तरिक मामिला त

अनुसूची-६

(दफा १० को उपदफा (१), दफा १६ को खण्ड (क) र दफा २२ को खण्ड (क) सँग सम्बन्धित)

<u>ब्याजमा अनुदान भुक्तानीको लागि बैक/वित्त कम्पनी/लघुवित्त संस्था/सहकारी संस्थाले मन्त्रालयमा पेश गर्ने निवेदनको ढाँचा</u>

श्री उद्योग कृषि तथा सहकारी मन्त्रालय, मितिः

विराटनगर।

विषयः ब्याज अनुदान रकम भुक्तानी सम्बन्धमा।

महाशय,

यस बैक/वित्त कम्पनी/लघुवित्त संस्था/ सहकारी संस्थाले "कृषि कर्जामा ब्याज अनुदान व्यवस्थापन कार्यविधि, २०८१"बमोजिम प्रवाह गरेको सम्पूर्ण कर्जामा यसैसाथ संलग्न विवरण बमोजिमका ऋणीहरुले अनुदान पाउने बाहेकको ब्याज रकम जम्मा गरेकोले उक्त कर्जाहरुमा मिति २०............साल .......................... महिना देखि मिति २०............साल ..........................सम्मको प्रथम/दित्तीय/तृतिय/चौथो त्रैमासिक/ चौमासिकको पाउने ब्याज अनुदान वापतको रकम कुल रु ...................... (अक्षरेपी ..................................) यस बैक/वित्त कम्पनी/लघुवित्त संस्था/सहकारी संस्थाको खाता नं. ........................... मा जम्मा हुने गरी उपलब्ध गराई दिन हुन अनुरोध गर्दछौ। साथै उपरोक्त अवधिमा सम्बन्धित ऋणीहरुबाट ब्याज वापत रकम रु .......................... (अक्षरेपी .............................) असुल उपर भईसकेको व्यहोरा समेत अनुरोध छ।

| | |
|---|---|
| सहकारी भएः | बैंक/वित्त कम्पनी/लघुवित्त सस्था भएः |
| सहकारीको नामः | बैंक/वित्त कम्पनी/लघुवित्त सस्थाको नामः |
| सहकारीको अध्यक्षको नामः | ब्यवस्थापक को नाम |
| दस्तखतः | दस्तखतः |
| मिति | मिति |
| छाँपः | छाँप |

आन्तरिक मामिला तथा कानून मन्त्रालय कोशी प्रदेश

अनुसूची-७

(दफा १० को उपदफा (१) र (२), दफा १६ को खण्ड (क) र (ख) र दफा २२ को खण्ड (क) सँग सम्बन्धित)

**<u>ब्याज अनुदान भुक्तानीको लागि बैक/वित्त कम्पनी/लघुवित्त संस्था/सहकारी संस्थाले मन्त्रालय वा कार्यालयमा पेश गर्ने कर्जाको ऋणीहरुको विस्तृत विवरण ढाँचा</u>**

मितिः

श्री उद्योग कृषि तथा सहकारी मन्त्रालय,
विराटनगर।

विषयः ब्याजमा अनुदान प्रदान गरिएको ................ कर्जाको ............. त्रैमासिक/चौमासिक विवरण।

महाशय,
"कृषि कर्जामा ब्याज अनुदान व्यवस्थापन कार्यविधि, २०८१" बमोजिम प्रवाह भएको ................................ कर्जाको.................................. त्रैमासिकको विवरण देहाय बमोजिम रहेको छ।

ब्याज अनुदान शोधभर्ना पाउनु पर्ने कर्जाको विवरण

| क्रसं. | ऋणीको नाम र ठेगाना | कर्जा उपलब्ध गराएको विषय | कर्जा अवधि | कर्जाको परिमाण रु | कर्जा प्रवाह मिति | कर्जाको अन्तिम भुक्तानी मिति | बाँकी कर्जा (रु) | कायम भएको ब्याजदर | हाल सम्म ऋणीबाट असुल भएको साँवा ब्याज रकम (रु) | यस त्रैमासिकमा ऋणीबाट प्राप्त ब्याज रकम रु | यस अवधिको ब्याज अनुदान रकम (रु) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | | |

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| जम्मा | | | | | | | | | | | | |

ब्याजअनुदानबापतको पाउनुपर्ने जम्मा रकम रु ...................... अक्षरेपी ...........................

सहकारी भएः

सहकारीको नामः

सहकारीको अध्यक्षको नामः

दस्तखतः

मिति

छाँप

बैंक/वित्तकम्पनी/लघुवित्त संस्था भएः

बैंक/वित्त कम्पनी/लघुवित्त संस्थाको नामः

ब्यवस्थापक को नाम

दस्तखतः

मिति

छाँप

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

## अनुसूची-८

(दफा १० को उपदफा (३), दफा १६ को खण्ड (ख) र दफा २२ को खण्ड (ख) सँग सम्बन्धित)

## बैक/वित्त कम्पनी/लघुवित्त संस्था/सहकारी संस्थाले नियमित नभएका कर्जाको ऋणीको विवरण पेश गर्ने ढाँचा

श्री उद्योग कृषि तथा सहकारी मन्त्रालय,
विराटनगर।

विषयः ब्याजमा अनुदान अन्तर्गत प्रवाह भई नियमित नभएका .............. कर्जाको ............ त्रैमासिक विवरण।

महाशय,

"कृषि कर्जामा ब्याज अनुदान व्यवस्थापन कार्यविधि, २०८१"बमोजिम प्रवाह भई नियमित नभएका ................................ कर्जाको त्रैमासिकको विवरण देहाय बमोजिम रहेको छ।

नियमित नभएका कर्जाको विवरण

| क.स. | ऋणीको नाम | कर्जा प्रवाह मिति | कर्जाको अन्तिम भुक्तानी मिति | बाँकी कर्जा (रु) | कायम भएको ब्याजदर | यस अवधिमा ऋणीबाट असुल भएको ब्याज रकम (रु) | ब्याज अनुदान को अनुमानित रकम (रु) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |
| जम्मा | | | | | | | | |

असुल हुन बाँकी जम्मा साँवा ब्याज रकम रु ...................... अक्षरेपी .............................

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

| | |
|---|---|
| सहकारी भएः | बैंक/वित्त कम्पनी/लघुवित्त सस्था भएः |
| सहकारीको नामः | बैंक/वित्त कम्पनी/लघुवित्त सस्थाको नामः |
| सहकारीको अध्यक्षको नामः | व्यवस्थापकको नामः |
| दस्तखतः | दस्तखतः |
| मितिः | मितिः |
| छापः | छापः |

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

अनुसूची-९

(दफा १७ को खण्ड (ग) सँग सम्बन्धित)

सहकारी संस्थाको नियामक निकायबाट प्रमाणित विवरण

सहकारीको नामः ठेगानाः संस्थाको प्रकारः बहु उद्धेश्य/कृषि/दूग्ध........

| क.सं. | छनोटका आधारहरु | हेर्नुपर्ने कागजपत्रहरु | भएको | नभएको |
|---|---|---|---|---|
| १ | संस्था दर्ता भएको दुई वर्ष पुगेको | संस्था दर्ता प्रमाणपत्र | | |
| २ | वचत तथा ऋणको कारोवार गरी विधि र प्रक्रिया बमोजिम सदस्यहरुलाई ऋण लगानी गरिरहेको, | संस्थाको विनियम वचत तथा ऋण परिचालन नीति वा निर्देशिका र परीक्षण प्रतिवेदन | | |
| ३ | संस्थाको प्रकृति अनुसारको मुख्य कारोवार सचालन गरेको वा सञ्चालनगर्ने स्पष्ट कार्ययोजना भएको | संस्थाको विनियम र लेखापरीक्षण प्रतिवेदन वा कार्ययोजना। | | |
| ४ | ऋणको ब्याजदर र ऋण र वचतको ब्याज दर बीचको स्प्रेड दर सहकारी ऐन नियममा भएको व्यवस्था विपरित नहुने गरी निर्धारण गरी लागु गरेको | बचत तथा ऋण परिचालन नीति बा निर्देशिका लेखापरीक्षण प्रतिवेदन वा ऋणमा लिने र बचतमा दिने ब्याजदर खुलेको निर्णय। | | |

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

| क.सं. | छनोटका आधारहरु | हेर्नुपर्ने कागजपत्रहरु | भएको | नभएको |
|---|---|---|---|---|
| ५ | कार्यक्षेत्र वाहिर गई वा गैरसदस्यसँग वा उद्देश्य विपरित हुनेगरी कारोबार नगरेको | लेखापरीक्षण प्रतिवेदन र कार्यक्षेत्र बाहिर गई वा गैरसदस्यसँग वा उद्देश्य विपरित हुनेगरी कारोबार गरेको छैन भन्ने प्रतिवद्धता पत्र। | | |
| ६ | भाखा नाघेको ऋण नरहेको वा कुल लगानीमा रहेको ऋणको पाँच प्रतिशतभन्दा कम रहेको र ऋण जोखिम कोषको प्रयाप्त व्यवस्था गरेको | लेखापरीक्षण प्रतिवेदन वा संस्थाले पेश गरेको ऋणको वर्गिकरण खुलेको विवरण। | | |
| ७ | जम्मा पूजीको कम्तिमा पचासीप्रतिशत आन्तरिक पूँजी जुटाई ऋण लगानी गरे नगरेको अर्थात जम्मा सम्पत्तिको पन्ध्र प्रतिशतभन्दा बढी वाहिय ऋण नभएको | पछिल्लो लेखापरीक्षण प्रतिवेदन | | |
| ८ | यस अधि सरकारी वा अन्य कुनै निकायबाट अनुदान वा कुनै सहुलियत प्राप्त गरी | संस्थाले पेश गरेको अनुदान वा सहुलियत प्राप्त रकम प्राप्त मिति प्रदान गर्ने निकायको नाम र त्यस्तो | | |

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

| क्र.सं. | छनोटका आधारहरु | हेर्नुपर्ने कागजपत्रहरु | भएको | नभएको |
|---|---|---|---|---|
| | त्यसको दुरुपयोग नगरेको | अनुदानको उपयोग र प्रभाव विश्लेषण विवरण | | |
| ९ | नियमित रुपमा साधारण सभा गरेको | वार्षिक साधारण सभाको उपस्थिति र निर्णयको प्रतिलिपि | | |
| १० | लेखा सुपरिवेक्षण समितिको प्रतिवेदन साधारण सभामा पेश गरेको | साधारण सभामा पेश गरेको लेखा सुपरिवेक्षण समितिको वार्षिक प्रतिवदेन | | |
| ११ | नियमित रुपमा वार्षिक लेखापरिक्षण गराएको | लेखापरिक्षण प्रतिवेदन | | |
| १२ | नियमित रुपमा कर चुक्ता गरेको | कर चुक्ता प्रमाणपत्र | | |
| १३ | सस्था दर्ता तथा नियमन गर्ने निकायमा पठाउनुपर्ने प्रगति विवरण नियमित रुपमा पठाउने गरेको | स्थानीय तह सहकारी दर्ता अधिकारी/ रजिस्ट्रार वा प्रदेश सहकारी रजिष्ट्रारको कार्यालयको पत्र। | | |
| १४ | समग्रमा सहकारीका मूल्य मान्यता र सिदान्त तथा सहकारी ऐन नियममा भएका व्यवस्थाहरुको पालन गरी सञ्चालन भएको देखिएको | माथिका सबै कागजपत्रहरु रुजु गर्ने | | |

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

| क्र.सं. | छनोटका आधारहरु | हेर्नुपर्ने कागजपत्रहरु | भएको | नभएको |
|---|---|---|---|---|
| १५ | ब्याज अनुदान कार्यक्रमा सहभागी हुन संस्थागत निर्णय | साधारण सभाको उपस्थिति र निर्णय वा साधारण सभावाट अनुमोदन गराउने गरी सञ्चालक समितिबाट भएको निर्णय | | |
| १६ | ब्याज अनुदान कार्यक्रममा सहभागी हुने सहकारी संस्थाको जगेडा कोष,शेयर पूँजी र बचत गरी कम्तीमा तिस लाखको पूँजी भएको। | सहकारीको जगेडा कोष,,शेयर पूँजी र बचत खाताको विवरण। साथै खाता सञ्चालन भएको बैंकको विवरण। | | |
| १७ | कर्जा सदुपयोगिता अंक साठी प्रतिशत भन्दा बढी भएको | संस्थाको प्रतिवेदन अनुसार कर्जा सदुपयोगिता विवरण | | |
| १८ | कृषि कर्जामा लगानीको पोर्टफोलियो कम्तिमा ३० प्रतिशतभन्दा माथि भएको | संस्थाको प्रतिवेदन अनुसार कृषि कर्जामा लगानी पोर्टफोलियो | | |

नोटः छनोटको आधार स्पष्ट भएको वा सो सम्बन्धी कागजात प्राप्त भएकोलाई भएको  र नभएको चिन्ह लगाइ जाँच गर्नु पर्नेछ।

चेक गर्ने | प्रमाणित गर्ने

नामः | नामः

पदः | पदः

मितिः | मितिः

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

स्थानीय तह सहकारी दर्ता अधिकारी वा रजिस्ट्रार (स्थानीय तहको कार्यक्षेत्रमा रहेको सहकारीका हकमा)

सहकारी रजिस्ट्रारको कार्यालय, कोशी प्रदेश (प्रदेशको कार्यक्षेत्रमा रहेको सहकारीका हकमा)

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

**स्वीकृत मितिः- २०८१/०९/१८**
**प्रकाशन मितिः- २०८१/०९/२१**

**आज्ञाले,**
**डा. शरण कुमार पाण्डे**
**प्रदेश सचिव**

आन्तरिक मामिला तथा कानुन मन्त्रालय, कोशी प्रदेश

आन्तरिक मामि... था कानून मन्त्रालय, कोशी प्रदेश